# बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका (पहिलो संशोधन), २०७८

बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, बीमा ऐन, २०४९ को दफा ८ को खण्ड (घ२) ले दिएको अधिकार प्रयोग गरी बीमा समितिले देहायको निर्देशिका बनाएको छः

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी निर्देशनहरुको नाम "बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका (पहिलो संशोधन), २०७८ रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ को दफा १७ मा संशोधनः बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ (यस पछी मूल निर्देशिका भनिएको) को दफा १७ को उपदफा (७) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थप गरिएको छः

"तर संचालक पदमा संस्थागत प्रतिनिधित्व भएको संचालकको हकमा संचालक नियुक्त्ति गर्ने संस्थागत शेयरधनीले बीमा समितिको स्वीकृति लिई खरिद बिक्री गर्न बाधा पर्ने छैन ।"

३. मूल निर्देशिकाको दफा २७ मा संशोधनः मूल निर्देशिकाको दफा २७ को-

(१) उपदफा (२) मा रहेका "प्रतिवेदन तीन प्रति तयार गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "प्रतिवेदनको एक प्रति बीमा समितिमा पेश गर्नु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) पछी देहायको उपदफा (३) थपिएको छ ;

"(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनका सम्बन्धमा समितिले आवश्यक निर्देशन दिन सक्नेछ।"

४. मूल निर्देशिकामा दफा २७क. थपः मूल निर्देशिकाको दफा २७ पछी देहायको दफा २७क. थप गरिएको छः

"**२७क. वार्षिक नीति तथा कार्यक्रम र बजेट तयार गर्नुपर्नेः** (१) बीमकले प्रत्येक आर्थिक वर्षको असार मसान्तभित्र आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम र बजेट तयार गरी संचालक समितिबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत भएको नीति तथा कार्यक्रम र बजेट स्वीकृत भएको मितिले १५ दिनभित्र बीमा समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको वार्षिक नीति तथा कार्यक्रम र बजेटको संचालक समितिले त्रैमासिक रूपमा समीक्षा गर्नु पर्नेछ र सोको जानकारी समिक्षा भएको मितिले ७ दिनभित्र बीमा समिति समक्ष पेश गर्नु पर्नेछ ।"

५. मूल निर्देशिकाको दफा २८ मा संशोधनः मूल निर्देशिकाको दफा २८ को उपदफा (१७) पछी देहायको उपदफा (१८) थप गरिएको छः

"(१८) बीमकमा प्रमुख कार्यकारी अधिकृतको पद रिक्त भएको अवस्थामा रिक्त भएको मितिले तीन महिनाभित्र यस दफा बमोजिम नियुक्ति गरीसक्नु पर्नेछ ।"

६. मूल निर्देशिकाको दफा ४४ मा संशोधनः मूल निर्देशिकाको दफा ४४ को उपदफा (१) को खण्ड (ङ) को प्रतिवन्धात्मक वाक्यंशमा रहेका "पच्चीस लाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "पचास लाख रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

७. मूल निर्देशिकाको दफा ४९ मा संशोधनः मूल निर्देशिकाको दफा ४९ को उपदफा (१) को खण्ड (ख) को प्रतिवन्धात्मक वाक्यंशमा रहेको "जीवन बीमा व्यवसाय गर्ने बीमकले आफ्नो बहालवाला बीमा अभिकर्तालाई बीमकको व्यवसाय प्रर्वद्धन गर्न संचालक समितिको स्वीकृति लिई प्रोत्साहन बापत नगद र घर/जग्गा कर्जा बाहेक अन्य व्यवस्था गर्न" भन्ने शब्दहरु राखिएका छन् ।

८. मूल निर्देशिकाको दफा ५५ मा संशोधनः मूल निर्देशिकाको दफा ५५ को उपदफा (५) को खण्ड (ख) मा रहेका "बढीमा सात कार्य दिन भित्र" भन्ने शब्दहरु झिकिएका छन् ।

** ** **

**बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ मा प्रस्तावित संशोधन**

तीन महले

| दफा | हालको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| १७ (७) | संचालकले आफ्नो पदमा बहाल रहुन्जेल र सो पदबाट हटेको एक वर्षसम्म सोही बीमकको कुनै पनि प्रकारको शेयर डिवेन्चर खरिद बिक्री गर्न पाउने छैन । | संचालकले आफ्नो पदमा बहाल रहुन्जेल र सो पदबाट हटेको एक वर्षसम्म सोही बीमकको कुनै पनि प्रकारको शेयर डिवेन्चर खरिद बिक्री गर्न पाउने छैन ।<br>तर संचालक पदमा संस्थागत प्रतिनिधित्व भएको संचालकको हकमा संचालक नियुक्ति गर्ने संस्थागत शेयरधनीले बीमा समितिको स्वीकृति लिई खरिद बिक्री गर्न बाधा पर्ने छैन । | संस्थागत प्रतिनिधित्व गर्ने संचालकको हकमा शेयर खरिद बिक्री सम्बन्धी व्यवस्था स्पष्ट गर्नुपर्ने भएकोले । |
| २७ (२) | उपदफा (१) बमोजिम गरिएको विस्तृत लेखापरीक्षणको प्रतिवेदन तीन प्रति तयार गर्नु पर्नेछ । | उपदफा (२) उपदफा (१) बमोजिम गरिएको विस्तृत लेखापरीक्षणको प्रतिवेदनको एकप्रति बीमा समितिमा पेश गर्नुपर्नेछ । | विस्तृत लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भएको विषयका सम्बन्धमा बीमा समितिलाई जानकारी हुन आवश्यक देखिएकोले । |
| २७(३) | नभएको | उपदफा (३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनका सम्बन्धमा समितिले आवश्यक निर्देशन दिन सक्नेछ । | |
| २७क. | नभएको | **<u>वार्षिक नीति तथा कार्यक्रम र बजेट तयार गर्नुपर्ने</u>**: (१) बीमकले प्रत्येक आर्थिक वर्षको असार मसान्तभित्र आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम र बजेट तयार गरी संचालक समितिबाट स्वीकृत गराउनु पर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम स्वीकृत भएको नीति तथा कार्यक्रम र बजेट स्वीकृत भएको मितिले १५ दिनभित्र बीमा समिति समक्ष पेश गर्नु पर्नेछ ।<br>(३) उपदफा (१) बमोजिमको वार्षिक नीति तथा कार्यक्रम र बजेटको संचालक समितिले त्रैमासिक रूपमा समीक्षा गर्नु पर्नेछ र सोको जानकारी समिक्षा भएको मितिले ७ दिनभित्र | आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाई हरेक आर्थिक वर्षको कार्यक्रम तथा बजेट सुनिश्चित गर्न । |

| | | | |
|---|---|---|---|
| | | बीमा समिति समक्ष पेश गर्नु पर्नेछ । | |
| २८ (१८) | नभएको | (१८) बीमकमा प्रमुख कार्यकारी अधिकृतको पद रिक्त भएको अवस्थामा रिक्त भएको मितिले तीन महिनाभित्र यस दफा बमोजिम नियुक्ति गरीसक्नु पर्नेछ । | पद रिक्त भएको लामो समयसम्म नयाँ नियुक्ति हुन नसक्दा बीमकको व्यवस्थापन तथा संचालनमा असर पर्ने भएकोले । |
| ४४ (१) | (ङ) संचालकको वित्तीय स्वार्थ भएको वा संचालक म्यानेजिङ्ग एजेन्ट वा हिस्सेदार वा संचालक भएको कुनै फर्म, कम्पनी वा संस्था, निजको परिवारको सदस्यको, वा<br>तर जीवन बीमा व्यवसाय गर्ने बीमकले खण्ड (क) देखि (ङ) सम्मका व्यक्तिहरुको पच्चीस लाख रुपैयाँ सम्मको बीमांकको सीमाभित्र रही जीवन बीमा गर्न यस उपदफाले वाधा पुर्याएको मानिने छैन । | (ङ) संचालकको वित्तीय स्वार्थ भएको वा संचालक म्यानेजिङ्ग एजेन्ट वा हिस्सेदार वा संचालक भएको कुनै फर्म, कम्पनी वा संस्था, निजको परिवारको सदस्यको, वा<br>तर जीवन बीमा व्यवसाय गर्ने बीमकले खण्ड (क) देखि (ङ) सम्मका व्यक्तिहरुको पचास लाख रुपैया सम्मको बीमांकको सीमाभित्र रही जीवन बीमा गर्न यस उपदफाले वाधा पुर्याएको मानिने छैन । | समयानुकुल व्यवस्था गरिएको । |
| ४९ (१) | (ख) जीबन बीमालेखको सुरक्षणमा बीमितलाई कर्जा दिन बाहेक कुनै किसिमको कर्जा दिन,<br>तर कर्मचारी सेवा शर्त विनियमावलीमा ब्यबस्था भए बमोजिम बीमकले आफ्नो कर्मचारीलाई सापटी र जीवन बीमा व्यवसाय गर्ने बीमकले आफ्नो बहालवाला बीमा अभिकर्तालाई समितिले समय समयमा तोके बमोजिम कर्जा दिन यस व्यवस्थाले वाधा पुर्याएको मानिने छैन । | (ख) जीवन बीमालेखको सुरक्षणमा बीमितलाई कर्जा दिन वाहेक कुनै किसिमको कर्जा दिन,<br>तर कर्मचारी सेवा शर्त विनियमावलीमा व्यवस्था भए बमोजिम बीमकले आफ्नो कर्मचारीलाई सापटी कर्जा दिन यस व्यवस्थाले वाधा पुर्याएको मानिने छैन । | अभिकर्तालाई कर्जा प्रदान गर्ने व्यवस्था बीमा व्यवसायमा अनुत्पादक हुने भएकोले सो हटाउन । |
| ५५ (५) | (ख) चेक मार्फत बीमाशुल्क भुक्तानी गर्ने व्यक्तिको चेकको रकम बढीमा सात कार्यदिनभित्र बीमकको खातामा जम्मा (रियालाइज) नभएमा, | (ख) चेकमार्फत बीमाशुल्क भुक्तानी गर्ने व्यक्तिको चेकको रकम बीमकको खातामा जम्मा (रियालाइज) नभएमा, | उधारो बीमा निरुत्साहित गर्न । |

** ** **